वालिङ नगरपालिका कार्यालय
दर्ता नं. १११०
दर्ता मिति २०८०।११।२३


फोन : ०६३-४४०७०२


नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

वालिङ, स्याङ्जा

मिति: २०८०/११/१५

पत्र संख्या :०८०/८१
चलानी नं.: १४६२

विषय : सूचना ।

उपरोक्त सम्बन्धमा भूमि व्यावस्थापन तथा अभिलेख विभाग, बबरमहल काठमाडौको च.न २००४ मिती २०८०।१०।२४ गतेको पत्रानुसार नेपाल सरकार(मन्त्रिपरिषद)को मिती २०८०।१०।०३को निर्णय अनुसार मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा(२) को प्रयोजनार्थ रैकर र गुठी जग्गा अन्तर्गतको छुट जग्गा दर्ता सम्बन्धमा मालपोत नियमावली,२०३६ को नियम ४क, को उपनियम(१) बमोजीमको सुचना खण्ड ७३(संख्या ५०) नेपाल राजपत्र भाग-५ मिती २०८०।१०।११ मा प्रकाशित भएको राजपत्र र भूमी व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.न ६०।५७८ मिती २०८०।१०।२३ को पत्र समेत आवश्यक कार्यार्थ यस कार्यालयको इमेल ठेगानामा प्राप्त भएकाले छुट जग्गा दर्ता सम्बन्धमा यो सुचना प्रकाशित गरिएको छ । जग्गा (नापजाँच) ऐन,२०१९ बमोजिम नाप नक्शा भएको तर दर्ता गर्नसम्म छुट भएको जग्गा नेपाल राजपत्रमा मिती २०८० माघ ११ गते प्रकाशित सुचनाबाट छुट जग्गा दर्ता गर्न चाहने सम्बन्धीत जग्गावालाले निवेदन दिने र सो सम्बन्धमा यस अघि नै निवेदन परि फर्छ्यौट हुन बाकी रहेका पुराना निवेदन फर्छ्यौट गर्ने म्याद २(दुइ) बर्ष तोकेको व्यहोरा जानकारी गराउदै तपशिल बमोजिमका आ-आफ्नो प्रमाणहरु राखी सिफारिस साथ निवेदन पेश गर्नुहुन सम्बन्धीत सरोकारवालाहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

१)जग्गाको साबिक लगतको प्रमाण(मौजा,रैती न./सि.न,बिलोबन्दी/जम्माबन्दी)

२)२ न.रसिद(तिरो तिरेको निस्सा/रसिद),१ न अनुसुची (पारिवारिक लगत)

३) ७ न.फाँटबारीको प्रमाणित प्रतिलीपी( भूमी सुधार लागु हुँदा भरेको हदबन्दी सम्बन्धी फाराम)

४)साविक र हाल खुल्ने प्रमाण ।

५) नापनक्सा भएकोमा नक्सा र फिल्डबुक (क्षेत्रीय किताब)को प्रमाणित प्रतिलिपि

६)नागरिकता प्रमाण-पत्रको प्रतिलिपी

७)सम्बन्धीत गा.पा./न.पाको हकभोग खुल्ने किटानी सिफारिस तथा सर्जमिन मुचुल्का

८)मृत्यु भएकोमा मृत्युदर्ता प्रमाणपत्र,नाता प्रमाणित प्रतिलीपि,हकदार खुल्ने सिफारिस

९)अन्य आवश्यक कागजात तथा प्रमाणहरु

२०८०।११।१६

जीवनाथ पौडे